# नेपाल सरकार
## वन तथा वातावरण मन्त्रालय
# राष्ट्रिय वृक्षरोपण कार्यक्रम संचालन कार्यविधि, २०७६

नेपाल सरकारले आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत यस आर्थिक वर्षलाई बृक्षारोपण बर्ष घोषणा गरेको छ । यसलाई राष्ट्रिय अभियानको रुपमा संचालन गर्न सरकारी निकाय, सहकारी, समूह, समूहसंजाल,गैह्रसरकारी संस्था, निजीक्षेत्र लगायत आम जनसाधारणलाई सक्रिय र व्यापक रुपमा सहभागी गराई दिगो र प्रभावकारी वनाउन आवश्यक रहेको छ । गुणस्तरीय विरुवा उत्पादन, वृक्षारोपण, रोपिएका विरुवाको संरक्षण, स्याहार सम्भार तथा अभिलेखीकरण गरी सहभागितामूलक तवरले उक्त अभियानलाई सफल र सार्थक तुल्याउन छुट्टै **राष्ट्रिय वृक्षरोपण कार्यक्रम संचालन कार्यविधिको** आवश्यकता भएकोले **वन तथा वातावरण मन्त्रालयबाट** यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "राष्ट्रिय वृक्षारोपण कार्यक्रम संचालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "उपभोक्ता समूह" भन्नाले बुँदा ७.१ मा उल्लेखित समूहहरु बुझ्नु पर्दछ ।

(ख) "परियोजना" भन्नाले वन तथा वातावरण मन्त्रालय माताहत हाल संचालित कार्यक्रम, नेपाल सरकार र वैदेशिक श्रोतमा संचालित कार्यक्रम तथा परियोजनाहरु बुझ्नु पर्दछ ।

(ग) "सम्बन्धित निकाय" भन्नाले वन तथा वातावरण मन्त्रालय माताहतका विभागहरु, परियोजनाहरु तथा संस्थानहरु बुझ्नु पर्दछ ।

(घ) "स्थलगत कार्यालयहरु" भन्नाले नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय माताहतका सरकारी तथा परियोजनाका कार्यालयहरु, प्रदेश मातहतका डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु बुझ्नु पर्दछ ।

३. **उद्देश्य:** उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) संघ, प्रदेश, स्थानीय तह, समूह, सहकारी लगायत विभिन्न सरोकारवाला निकायहरुलाई विरुवा रोपण तथा संरक्षण अभियान कार्यान्वयनमा मार्गनिर्देश तथा सहज्किरण गर्ने ।

(ख) नेपाल सरकारबाट वृक्षरोपण बर्षका लागि उपलब्ध बजेट खर्च गर्ने कार्यप्रक्रिया निर्धारण गर्ने ।

(ग) बृक्षरोपण कार्यलाई समन्वयात्मक ढंगले सम्पादन गर्दै यसलाई संस्थागत र दिगो बनाउने ।

**४. विरुवा उत्पादन तथा रोपणको लक्ष्य:** नेपाल सरकारले नीति तथा कार्यक्रम तथा बजेट बक्त्वय मार्फत आ. व. २०७६।०७७ लाई राष्ट्रिय वृक्षारोपण वर्ष घोषणा गरेको सन्दर्भमा यस आ.व.मा कम्तिमा ५ करोड विरुवा रोपण गर्ने गरी अभियान संचालन गरिनेछ । यस अभियानका लागि बन तथा वातावरण मन्त्रालय र प्रदेश उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयहरु अन्तरगतका निकायका साथै अन्य सरकारी निकाय, स्थानीय सरकार, बन उपभोक्ता समूह,

निजी क्षेत्र समेत परिचालित हुनेछन् । यसका लागि वृक्षरोपण बर्षको स्वीकृत बार्षिक कार्यक्रम अनुसार विरुवा उत्पादन, विरुवा खरीद तथा रोपणका लागि समन्वय तथा केन्द्रिय स्तरमा तथ्यांक संकलन तथा अभिलेखन गरिनेछ ।

**५. विरुवा उत्पादन कार्यविधिः** वृक्षरोपण वर्षको कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न विरुवाको परिमाण र गुणस्तरलाई ध्यानमा राखी देहायको कार्यविधि बमोजिम गरिनेछः

**(१) विरुवा प्रजाति छनौटमा प्राथमिकता**

- वहुउपयोगी तथा स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने प्रजातिलाई प्राथमिकता दिईनेछ ।
- उपलव्ध हुनसक्ने र छिटो हुर्कने प्रजाति उत्पादन गरिने र रोपिनेछ ।
- विरुवा उत्पादन तथा वृक्षरोपण प्रविधि उपलव्ध भएका एवं सामान्य उपभोक्ता तथा समूहले स्याहार सम्भार, हुर्काउन सक्ने प्रजाति रोप्न सहजीकरण गरिनेछ ।
- कम्तिमा ७० प्रतिशत रुख प्रजाति र बढीमा ३० प्रतिशत फलफूल प्रजातिका विरुवाहरु रोपिनेछ ।
- विरुवा रोपण हुने सुनिश्चितता भएको अवस्थामा मात्र विरुवा उत्पादन वा खरीदको सम्झौता गरिनेछ ।

**(२) उपभोक्ता समूह वा सहकारी संस्थाहरुद्वारा विरुवा उत्पादन**

- प्रजाति र संख्या खुलेको विरुवा संख्या र विरुवा रोपणको प्रक्षेपण सहितको योजना तयार पारी समूह तथा सहकारीहरुसंग संझौता गर्न सकिनेछ ।
- समुहले वृक्षरोपण योजना तयार गरी सरोकारवालाहरु तथा सम्बन्धित विभाग, निकाय वा परियोजनाहरुले पुऱ्याउनु पर्ने आर्थिक तथा प्राविधिक सहयोगको स्पष्ट विवरण उल्लेख गर्नुपर्नेछ र यसैको आधारमा अनुगमन समेत गरिनेछ ।
- विउ संकलन तथा प्रशोधन, विरुवा उत्पादन तथा नर्सरीमा आवश्यक नियमित प्राविधिक सहयोग सम्बधित स्थलगत कार्यालयहरुबाट उपलव्ध गराईनेछ ।

**(३) वन तथा वातावरण मन्त्रालय मातहतका कार्यालयहरुबाट विरुवा उत्पादन**

- कार्यालयहरुले बहुबर्षिय लगायतका विरुवा उत्पादनको योजना तयार गर्नेछन् ।
- विउ संकलन, प्रशोधन, विरुवा उत्पादन र नर्सरीमा आवश्यक नियमित प्राविधिक सहयोगको व्यवस्थापन गर्नेछन् ।

**(४) स्थलगत कार्यालयबाट विरुवा उत्पादन**

- स्थलगत कार्यालयहरुबाट उत्पादन हुने विरुवाको लागि नेपाल सरकारको नर्मस वमोजिम लागत ईष्टमेट तयार पारी आआफ्ना बजेट केन्द्र वा बजेट भएका विभाग, परियोजना वा निकायहरुसंग संझौता गरी व्यवस्थापन गर्न सक्नेछन् ।
- विरुवाको प्रजाति हेरी सम्भव भए सम्म ३ फिट अग्लो विरुवा रोपण गर्ने व्यवस्था मिलाईनेछ ।

**(५) निजी नर्सरीबाट विरुवा खरीद**

- निजी नर्सरी संचालक, किसान वा वन उद्यमसंग सम्बन्धित फर्मसंग खरीद गरिने विरुवाको जात, परिमाण तथा गुणस्तर स्पष्ट खुलाई सम्झौता गरिनेछ ।
- सम्झौता वमोजिम विरुवा खरीद गरी वितरण तथा आवश्यक स्थानमा वृक्षारोपणको व्यवस्था मिलाइनेछ ।

**६. वृक्षारोपण कार्यविधिः** विरुवा उत्पादन तथा वृक्षारोपण कार्यलाई व्यवस्थित गर्न देहायको कार्यविधि अवलम्वन गरिनेछः

**(१) उपभोक्ता समूहरुबाट गरिने वृक्षारोपण:** सामुदायिक वन उपभोक्ता समूह, कवुलियती वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह, सार्वजनिक जग्गा व्यवस्थापन समूह, सामुदायिक विकास समूह (जलाधार), मध्यवर्ति क्षेत्र सामुदायिक वन समूह, कृषि वन समूह, कृषक समूह लगायतका उपभोक्ता समूहहरुले सम्भव भएसम्म समूहद्वारा उत्पादित विरुवा सम्वन्धित उपभोक्ता समूहहरुको रोपणका लागि प्रयोग गर्नेछन् र नजिकका समूहरुलाई उपलब्ध गराउनेछन् ।

समूहवाट उत्पादित विरुवा उपलब्ध हुन नसकेमा विरुवा उत्पादनको लागि सम्बन्धित निकायसँग सम्झौता गरेका स्थलगत कार्यालय लगायतका संघसंस्था, परियोजना वा नीजि नर्सरीसंग सम्पर्क गर्नेछन् र आवश्यकताको आधारमा अनुदानको रुपमा विरुवा उपलब्ध गराईनेछ । यस्ता किसिमका समूहहरुलाई सम्वन्धित स्थलगत कार्यालय वा परियोजनासंग समन्वय गरी विरुवा ढुवानीका लागि समेत आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ । जमीनको तयारी, प्वाकल खन्ने, वृक्षारोपण, गोडमेल एवं संरक्षणको व्यवस्था आफ्नो आन्तरिक मानवीय तथा आर्थिक स्रोत परिचालन गरी समूहले स्वयं गर्नेछन् ।

**(२) स्थलगत कार्यालयद्वारा वृक्षरोपण:** जिल्लाको वन कार्ययोजनाले निर्दिष्ट गरे वमोजिम जिल्ला भित्रका सरकारी तथा सार्वजनिक जग्गामा वृक्षरोपण गर्न सकिनेछ । यसरी गरिने वृक्षरोपणका लागि विरुवा र विरुवा ढुवानी लगायतका कार्यकोलागि  नेपाल सरकारको नर्मस वमोजिम सम्बन्धित कार्यालयलाई संझौता गरी रकम उपलव्ध गराईने छ ।

**(३) किसान तथा उद्यमीद्वारा गरिने निजी जग्गामा वृक्षरोपण:** निजी वृक्षारोपणका लागि ढुवानी अनुदान सहित सम्बन्धित स्थलगत कार्यालयको सिफारिसमा विरुवा वितरणको व्यवस्था मिलाइनेछ । यसरी वितरित विरुवा रोपण तथा संरक्षण कार्य भने सम्वन्धित किसान आंफैले मिलाउनुपर्ने छ ।

**(४) सरकारी निकायहरु, संस्थानहरु र परियोजनाहरुद्वारा वृक्षरोपण:** यस उपदफामा उल्लेखित निकायहरुमा वृक्षारोपणका लागि उपलव्ध हुन सक्ने जग्गाको विवरण संकलन गरी रोपणको लागि आवश्यक विरुवा उपलब्ध गराइनेछ । सम्बन्धित कार्यालयहरुले वृक्षरोपणको खर्च आफैले व्यवस्था मिलाउनेछन् ।

**(५) सार्वजनिक क्षेत्रमा गरिने वृक्षरोपण:** नदी किनार, नहर किनार, सडक किनार लगायत सार्वजनिक क्षेत्रमा बृक्षरोपणका लागि प्रस्ताव गर्ने सरोकारवाला समूहहरुले नियमन गर्ने निकायको सिफारिस साथ पेश गर्नु पर्नेछ । यसरी गरिने वृक्षारोपणको लागि विरुवा तथा विरुवा ढुवानीको लागि मात्र अनुदानको व्यवस्था मिलाईनेछ ।

**(६) शहरी बृक्षरोपण** (Urban Plantation)**:** सडक किनार तथा शहरको अन्य क्षेत्रमा गरिने बृक्षरोपणको लागि शोभनीय प्रजातिका विरुवाहरुको व्यवस्था गरिनेछ । यसका लागि नर्सरी स्थापना, विरुवा उत्पादन वा विरुवा खरिद गर्न सकिनेछ । विरुवाको प्रजाति हेरी सके सम्म ३ फिट भन्दा अग्ला विरुवा रोपिनेछन् । सुरक्षा व्यवस्थाको लागि ट्रीगार्ड, हेरालु वा संरक्षण अनुदानको व्यवस्था गरिनेछ । यस्ता बृक्षरोपण सम्बन्धित निकायले एकल रुपमा वा अन्य सरोकारवालाहरुको साझेदारीमा समेत गर्नेछ ।

**(७) शैक्षिक संस्थाहरु र स्थानीय क्लवद्वारा वृक्षरोपण:** यस्ता निकायहरुमा वृक्षारोपणका लागि उपलव्ध हुन सक्ने जग्गाको विवरण संकलन गरि इच्छुक निकाय तथा विरुवा संख्याको विवरण तयार पारी आवश्यक विरुवा उपलब्ध गराइनेछ । यसरी गरिने वृक्षारोपणको लागि विरुवा तथा विरुवा ढुवानीको लागि मात्र अनुदानको व्यवस्था मिलाईनेछ ।

माथि उल्लेखित बुँदा नं. ७.१ देखि ७.७ सम्मका रोपण कर्ताले विरुवा रोपणको लागि आफ्नो स्रोतसाधनको अलावा अन्य निकायका रोजगारमूलक कार्यक्रम, आयोजना, परियोजना तथा विकास साझेदार संघ संस्थाहरुसंग साझेदारी गर्न सक्नेछन् ।

(८) **विरुवा ढुवानी:** एक हजार (१०००) भन्दा बढी विरुवाहरु रोपण हुने स्थानमा मात्र ढुवानीको सहयोग उपलब्ध गराउन सकिनेछ ।

**७. प्रचार प्रसार तथा संचारमाध्यमको उपयोग:** सम्बन्धित निकायको संयोजनमा पत्र-पत्रिका, पत्रकार अन्तरकृया, एफ.एम. तथा टेलिभिजन संचालकहरु संग समन्वय गरी प्रचारप्रसारको लागि के र कसरी योगदान गर्न सकिन्छ भन्ने बिषयको प्राथमिकता पहिचान गरी कार्यान्वयन गरिनेछ । यस कार्यको अनुगमन गरी विभिन्न दिवस तथा समारोहमा उल्लेखय काम गर्ने संघ, संस्था तथा व्यक्तिहरुलाई कदर तथा प्रसंशा पत्र प्रदान गरिने छ । श्रब्य, दृश्य, पत्रपत्रिका, अनलाईन प्रचार-प्रसार सामाग्री तथा होर्डिङ बोर्ड आदिको प्रयोग गर्न सकिने छ ।

**८. अनुदान प्रकृया:** विभिन्न सरोकार निकायहरुबाट गरिने विरुवा उत्पादन तथा रोपणको बिषय र सोमा विभाग, निकाय वा परियोजनाको बजेटबाट उपलब्ध गराउन सकिने अनुदानको बिषय तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १: अनुदानकालागि खाका**

| सरोकारवाला संस्थाहरु | अनुदान सहयोगको किसिम | |
|---|---|---|
| | वृक्षारोपणमा सहयोग | विरुवा उत्पादन/खरिदमा सहयोग |
| उपभोक्ता समूहहरु (सामुदायिक, साझेदारी, कबुलियती, धार्मिक, सार्वजनिक जग्गा व्यवस्थापन, सामुदायिक विकास, आदि) | निशुल्क विरुवा र विरुवा ढुवानी वापतको अनुदान रकम प्राप्त गर्न सक्ने | वृक्षारोपणको लागि विरुवा उत्पादन/खरीद मा अनुदान रकम |
| सहकारी संस्था, कृषक समूह, कृषि वन समूह, | निशुल्क विरुवा र विरुवा ढुवानी वापतको अनुदान रकम प्राप्त गर्न सक्ने | वृक्षरोपणको लागि विरुवा उत्पादन/खरीद मा अनुदान रकम |
| स्थानीय तह, शैक्षिक संस्था र स्थानीय क्लवहरु | निशुल्क विरुवा र विरुवा ढुवानी वापतको अनुदान रकम प्राप्त गर्न सक्ने | – |
| सरकारी निकायहरु | निशुल्क विरुवा प्राप्त गर्न सक्ने | – |
| संस्थानहरु तथा गैर सरकारी निकायहरु | निशुल्क विरुवा प्राप्त गर्न सक्ने | – |
| स्थलगत कार्यालयहरु तथा प्रदेश निर्देनालयहरु | निशुल्क विरुवा तथा ढुवानीका लागि बजेट हस्तान्तरण गर्न सकिने | वृक्षारोपणको लागि विरुवा उत्पादन/खरीद मा अनुदान रकम |
| नेपाल सरकारका जलाधार कार्यालयहरु, विउ केन्द्रहरु तथा नेपाल वन निगम, नेपाल सरकारका स्थलगत कार्यालयहरु आदि | निशुल्क विरुवा तथा ढुवानीका लागि बजेट हस्तान्तरण गर्न सकिने | वृक्षारोपणको लागि विरुवा उत्पादन/खरीदमा संझौता अनुसार रकम व्यवस्था |
| अन्य सरोकारवाला निकायहरु | स्थलगत कार्यालयहरु मार्फत निशुल्क विरुवा प्राप्त गर्न सक्ने | – |
| निजी क्षेत्र | निशुल्क विरुवा र विरुवा ढुवानी वापतको अनुदान रकम प्राप्त गर्न सक्ने | वृक्षरोपणको लागि विरुवा उत्पादन/खरीद मा अनुदान रकम |

**द्रष्टव्य:** विरुवा रोपणका लागि इच्छुक सरोकारवालाहरुले अनुसूची बमोजिमको फारम भरी सम्बन्धित स्थलगत कार्यालयको सिफारिस सहित सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । अनुदानको हकमा विरुवा उपलब्ध गराउने,

विरुवाको लागत नगद बैंक खातामा जम्मा गर्ने वा संझौता अनुसारको रकम उपलब्ध गराउन सकिनेछ । विरुवा उत्पादन तथा वृक्षरोपणलाई आर्थिक बर्षको समय तालिका तथा मौसमसंग अनुकुल हुने गरी व्यवस्था मिलाइनेछ ।

चालु आर्थिक बर्ष २०७६।७७ मा वन समूहहरु, नेपाल सरकार र प्रदेश सरकारका निकायहरुबाट विरुवा उत्पादन/खरिद तथा बृक्षरोपणको कार्यक्रम रहेको भएता पनि वन समूहहरु, नेपाल सरकार र प्रदेश सरकारका निकायहरुबाट प्रयाप्त मात्रामा विरुवा उपलब्ध हुन नसक्ने देखिएमा निजी लगायत अन्य सरोकारवालाहरुबाट समेत विरुवा उत्पादन/खरिद गरी विरुवा रोपण कार्यको लागि सहभागी गराउन सकिनेछ । यस प्रयोजनको लागि सम्बन्धित निकायले राष्ट्रिय दैनिक पत्रिकामा विवरण खुलाई सूचना प्रकाशन गर्न सक्नेछ र प्राप्त प्रस्तावदाताहरुले पेश गरेको विवरण र दरभाउ समेत लाई आधार मानी विरुवा आपूर्तिकर्ता र बृक्षरोपणकर्तासंग सम्झौता गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

**(१) मूल्य निर्धारण:** विरुवा रोपण गर्दा कम्तिमा ७० प्रतिशत रुख प्रजाति र ३० प्रतिशत फलफूल प्रजाति रोप्न सकिनेछ । नर्सरी स्थापना, विरुवा उत्पादन तथा विरुवा खरीद तथा ढुवानीको हकमा नेपाल सरकारको प्रचलित नर्मस, जिल्ला दररेट, विरुवाको प्रजातिको किसिम, उचाई तथा उमेरको आधारमा निर्धारण गरिनेछ ।

**(२) समन्वयकारी भूमिका:** सम्बन्धित निकायबाट अनुरोध भई आएमा नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी माथि तालिका १ मा उल्लेखित सरोकारवाला संस्थाहरुका प्रतिनिधिमूलक संगठनहरुले योजना तयारी, कार्यान्वयन तथा अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्न सक्नेछन् ।

**(३) संस्थागत व्यवस्था: (१) निर्देशक समिति सम्बन्धि व्यवस्था:** यो कार्यविधि अनुसार वृक्षरोपण वर्षलाई राष्ट्रिय अभियानका रुपमा संचालन तथा व्यवस्थापन गर्न देहायबमोजिमको एक निर्देशक समिति गठन गरिनेछ:

| | |
|---|---|
| क) महानिर्देशक, वन तथा भूसंरक्षण विभाग | संयोजक |
| ख) उपमहानिर्देशक, वन तथा भूसंरक्षण विभाग | सहसंयोजक |
| ग) प्रदेश सचिव (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय) मध्ये दुई जना | सदस्य |
| घ) अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| ङ) अधिकृत प्रतिनिधि, राष्ट्रिय निकुञ्ज तथा व.सं. विभाग | सदस्य |
| च) अधिकृत प्रतिनिधि, वनस्पति विभाग | सदस्य |
| छ) अधिकृत प्रतिनिधि, वातावरण विभाग | सदस्य |
| ज) अधिकृत प्रतिनिधि, बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | सदस्य |
| झ) अधिकृत प्रतिनिधि, रेड कार्यान्वयन केन्द्र | सदस्य |
| ञ) अधिकृत प्रतिनिधि, रा.चु.त.म.सं.वि.स. | सदस्य |
| ट) अधिकृत प्रतिनिधि, कृषि विभाग | सदस्य |
| ठ) अधिकृत प्रतिनिधि, पशु सेवा विभाग | सदस्य |
| ड) अधिकृत प्रतिनिधि, नेपाल वन निगम लिमिटेड | सदस्य |
| ढ) मन्त्रालयले तोकेका समुदायमा आधारित बन समूहका महासंघ मध्येबाट कम्तिमा १ महिला सहित २ जना | सदस्य |
| ण) संयोजकले तोकेको उपसचिव (प्रा.), वन तथा भूसंरक्षण विभाग | सदस्य सचिव |

(२) निर्देशक समितिको सचिवालय वन तथा भूसंरक्षण विभागमा रहने छ । यस समितिको कार्यसूची देहायबमोजिम हुनेछ:

क) विरुवा उत्पादन तथा वृक्षरोपण कार्यको लागि सरोकारवाला निकाय, संस्था, व्यक्तिहरुसंग आवश्यक समन्वय, सहकार्य गर्ने

ख) राष्ट्रिय रुपमा लक्ष्य अनुरुपको विरुवा उत्पादन तथा वृक्षरोपण गर्नको लागि आवश्यक विवरण तथा योजना तयार गरी कार्यान्वयन गर्ने गराउने

ग) विरुवा उत्पादन तथा वृक्षारोपण सम्बन्धी तथ्याङ्क संकलन, बिश्लेषण, प्रतिबेदन तयारी तथा केन्द्रिय अभिलेख कार्यको व्यवस्थापन गर्ने

घ) विरुवा उत्पादन तथा वृक्षरोपण कार्यको आवश्यकता अनुसार अनुगमन तथा पृष्ठपोषण गर्ने

ङ.) वन तथा वातावरण मन्त्रालयमा आवश्यकता अनुसार समय समयमा प्रतिवेदन पेश गर्ने

च) आवश्यकता अनुसार विज्ञहरुको सेवा लिने तथा अन्य कार्यहरु गर्ने ।

(३) समितिको बैठक आवश्यता अनुसार संयोजकले तोकेको स्थान, समय, र मितिमा बस्न सक्नेछ । बैठकको खाजा तथा भत्ताको व्यवस्था प्रचलित नियम अनुसार हुनेछ ।

**(४) कार्यान्वयन समिति सम्बन्धि व्यवस्थाः (१)** सम्बन्धित निकायहरुबाट विरुवा उत्पादन, विरुवा उपलब्ध गराउने र वृक्षारोपण कार्यमा अनुदान निर्धारण गर्न देहायबमोजिमको निकायगत एक कार्यान्वयन समिति गठन गरिनेछः

| | |
|---|---|
| क) प्रमुख, सम्बन्धित निकायः | संयोजक |
| ख) लैगिंक सम्पर्क व्यक्ति, सम्बन्धित निकायः | सदस्य |
| ग) प्रमुख, आर्थिक प्रशासन शाखा, सम्बन्धित निकायः | सदस्य |
| घ) खरिद समिति संयोजक, सम्बन्धित निकाय | सदस्य |
| ङ.) प्रमुखले तोकेको अधिकृत, सम्बन्धित निकाय | सदस्य सचिव |

(२) कार्यान्वयन समितिको कार्यसूची निम्नानुसार हुनेछः

क) यस कार्यविधि अनुरुप विरुवा उत्पादन तथा वृक्षरोपण सम्बन्धि अनुदानका आधारहरु तयार गर्ने

ख) विरुवा उत्पादन तथा वृक्षरोपण सम्बन्धि प्राप्त निवेदनहरु संकलन गर्ने

ग) प्राप्त निवेदनहरु मुल्यांकन गर्न लगाउने

घ) अनुदान प्राप्त कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने

ङ.) विरुवा उत्पादन तथा वृक्षरोपण कार्यको आवश्यकता अनुसार अनुगमन तथा पृष्ठपोषण गर्ने

च) आवश्यकता अनुसार विज्ञहरुको सेवा लिने तथा अन्य कार्यहरु गर्ने ।

(३) कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकको खाजा तथा भत्ताको व्यवस्था प्रचलित नियम बमोजिम हुनेछ ।

**५.अनुदान रकम भुक्तानी प्रकृयाः** कार्यान्वयन समितिबाट निर्धारित अनुदान वापतको रकमलाई दुई किस्तामा अनुदान सहयोग उपलब्ध गराईने छ । अनुदान रकम बैंकिङ्ग प्रणालीबाट भुक्तानी हुनेछ । अनुदानग्राहीको प्रकृतिका आधारमा देहायबमोजिम अनुदान निकासा वा भुक्तानी हुनेछ ।

**(१) समूह, संस्था, निजी, उद्यमीका लागिः**

**(क) अनुदान रकम भुक्तानी किस्तावन्दीः** अनुदान रकम भुक्तानी सम्बन्धित निकाय, समूह/संस्थावीच सम्झौता भए पश्चात २ किस्तामा हुनेछ । पहिलो किस्ता माग गर्दा सम्झौता पत्रको प्रतिलिपि, नियमन निकायको सिफारिस, सम्बन्धित समूह र संस्थाको कार्यकारी समितिको निर्णय अनुरोध र गरिने कार्यको कार्ययोजना पेश गर्नु पर्नेछ । सम्पादन

गरिने कार्यको सम्पूर्ण काम प्रस्ताव अनुसार सम्पन्न भएपछि मात्र अन्तिम किस्ता भुक्तानी हुनेछ । यो किस्ता भुक्तानी गर्दा निर्दिष्ट ढाँचामा कार्य सम्पन्न प्रतिवेदन तयार गरी नियमनकारी निकायबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ । यसको अलावा नियमन निकायको सिफारिस पत्र, सम्बन्धित समूह/संस्थाको कार्यकारी समितिको तहबाट सम्पादन गरेको कार्यको सम्पूर्ण खर्च समर्थन/अनुमोदन गरेको निर्णय अनुरोध, सार्वजनिक सुनुवाई तथा सूचना पाटिमा राखेको प्रमाण तथा कार्य सम्पन्न भएको प्रष्ट झल्किने फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ । तर वृक्षारोपणकोलागि विरुवा ढुवानी रकम स्थलगत कार्यालय, समूह, सहकारी संस्थाहरुलाई बजेट हस्तान्तरण गर्न सकिनेछ । कार्य सम्पन्न भएपछि स्थलगत कार्यालय, समूह, सहकारी संस्थाहरुले कार्यसम्पन्न प्रतिवेदन अनिवार्य पेश गर्नु पर्नेछ ।

**(ख) अनुदान रकमको लेखा र लेखापरीक्षण:** विभाग, निकाय तथा परियोजनाबाट प्रदत्त अनुदान रकमको समूह/संस्थाले आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ । आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरीक्षण प्रतिवेदनको १ प्रति सम्बन्धित विभाग, निकाय तथा परियोजनामा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदन नदिने समूह/संस्थालाई जुनसुकै प्रकारको अनुदान/सहयोगबाट वन्चित गरिनेछ र त्यस्ता समूह/संस्थालाई नियमन/नविकरण गर्ने निकायमा आवश्यक कारवाहीका लागि लेखी पठाइनेछ ।

(२) **सरकारी कार्यालय तथा अन्य सार्वजनिक निकायहरुकालागि:** विरुवा उत्पादन वा बृक्षारोपण गर्न चाहने सरकारी कार्यालय तथा सार्वजनिक निकायले विरुवा उत्पादन तथा बृक्षरोपण गरिने क्षेत्रफल र स्थान, विरुवाको प्रजाती, लागत अनुमान लगायतको विवरण सहितको प्रश्ताव पेश गरेको आधारमा अनुदान कार्यान्वयन समितिले वस्तुगत आधारमा अनुदान रकम निर्धारण गर्नेछ । अनुदान रकम निकासा प्रयोजनका लागि सम्बन्धित विभाग, निकाय वा परियोजना र कार्यालय वा अन्य निकायहरु वीच सम्झौता भए पश्चात २ किस्तामा हुनेछ । पहिलो किस्ता माग गर्दा सम्झौता पत्रको प्रतिलिपि, सम्बन्धित कार्यालय/ निकायको अनुरोध र विरुवा उत्पादन । बृक्षरोपण कार्ययोजना पेश गर्नु पर्नेछ । विरुवा उत्पादन, खरिद र बृक्षरोपणको सम्पूर्ण काम प्रस्ताव अनुसार कार्य सम्पन्न भए बमोजिम मात्र अन्तिम किस्ता भुक्तानी हुनेछ । यो किस्ता भुक्तानी गर्दा निर्दिष्ट ढाँचामा कार्य सम्पन्न प्रतिवेदनको अलावा सम्पादित काम प्रष्ट झल्किने फोटोग्राफी समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

(३) **अनुदान रकमको लेखा र लेखापरीक्षण:** अनुदान रकमको सम्बन्धित कार्यालय/निकायले आफ्नो श्रेस्तामा आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार लेखापरीक्षण गराउनु पर्नेछ । नियमानुसार लेखापरीक्षण भए पश्चात लेखापरीक्षण प्रतिवेदनको १ प्रति सम्बन्धित निकाय वा परियोजनामा पेश गर्नुपर्नेछ । लेखापरीक्षणबाट कुनै कारोवार वा रकमकलममा कुनै कैफियत/ बेरुजु औंल्याइएमा सो को फर्छ्यौट गर्ने दायित्व सम्बन्धित अनुदानग्राही कार्यालय/निकायको हुनेछ ।

**९. अनुगमन तथा मूल्याङ्कन:** विरुवा उत्पादन, वृक्षरोपण र अन्य कार्यक्रमसंग आवद्धताको अनुगमन र मूल्यांकन देहाय बमोजिम हुनेछ:

(१) **विरुवा उत्पादन:** विरुवा रोपण कार्यक्रमको सफलता गुणस्तरिय विरुवाको उपलव्धतामा भर पर्ने हुंदा गुणस्तरीय विरुवा उत्पादन तथा वितरण कार्यको भरपर्दो अनुगमन व्यवस्था अपनाईनेछ । तालिका १ मा उल्लेखित सम्वन्धित निकायहरुले उत्पादित विरुवाको दुरुस्त लगत खडा गरि सम्बन्धित विभाग, निकाय, परियोजना तथा स्थलगत कार्यालयहरुमा विरुवा उत्पादन विवरण पठाउनु पर्नेछ । सवै क्षेत्रवाट प्राप्त विवरणलाई क्षेत्रगत तथा समष्टिगत रुपमा प्रस्तुत गरि वन तथा वातावरण मन्त्रालयमा समष्टिगत अनुगमन प्रतिवेदन पठाउने व्यवस्था गरिनेछ । जिल्ला, प्रदेश, विभागिय तथा मन्त्रालयस्तरका समिक्षा वैठकहरुमा समेत विरुवा उत्पादनका अनुगमन प्रतिवेदनका वारेमा नियमित छलफल गरी सुझाव प्रदान गरिने छ ।

(२) **वृक्षरोपण:** विरुवारोपण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित विभाग, निकाय तथा परियोजनाहरुले गर्नेछन् । आ-आफ्नो क्षेत्रमा भएको वृक्षारोपण तथा स्याहार सम्भार कार्यको व्यवस्थित प्रतिवेदन तयार पारी सम्बन्धित विभाग, निकाय,परियोजना तथा स्थलगत कार्यालयहरुको कर्तव्य हुनेछ । सवै क्षेत्रवाट प्राप्त विवरणलाई क्षेत्रगत तथा समष्टिगत रुपमा प्रस्तुत गरि वन तथा वातावरण मन्त्रालयमा समष्टिगत अनुगमन प्रतिवेदन पठाईनेछ । स्थानिय तह, डिभिजन, प्रदेश, विभागिय तथा मन्त्रालयस्तरका समिक्षा वैठकहरुमा समेत वृक्षारोपण अनुगमन प्रतिवेदनका वारेमा नियमित छलफल गरि सुझाव प्रदान गरिने छ । विरुवा उत्पादन र वृक्षरोपणका विवरणहरु आपसमा स्पष्ट हुने गरि प्रस्तुत गरिने छ । नियमित प्रकृयावाट नै यस कार्यको पनि अनुगमन गरिने हुंदा यस कार्यको लागि थप वजेट आवश्यक पर्ने छैन ।

(३) **अन्य कार्यकमहरु संग आवद्धता:** विरुवा उत्पादन तथा वृक्षारोपण गर्ने विभाग, निकाय तथा परियोजनाहरुले नेपाल सरकार वा अन्य सार्वजनिक निकायहरुबाट संचालन भएका रोजागारमूलक कार्यकम तथा विकासका साझेदार संस्थाहरुसंग लागतमा दोहोरोपन नहुने गरी आवश्यकता अनुसार समझदारी गरी संचालन गर्न सक्नेछन् ।

(४) **कार्यविधिको व्याख्या:** कार्यविधिमा उल्लेखित कुराहरु बाझिएमा वा द्विविधा उत्पन्न भएमा त्यसको निकासा तथा अन्तिम व्याख्या मन्त्रालयले गर्नेछ । यस कार्यविधि अनुसार मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

| अनुसूची : विरुवा उत्पादन तथा वृक्षारोपण माग फारम (दफा ८ संग सम्बन्धित) |
|---|

**माग फारम पेश गर्ने निकाय:**

**ठेगाना:**

**नर्सरी तथा विरुवा उत्पादन**

| |
|---|
| नर्सरीको क्षमता: |
| क्षेत्रफल |
| प्रजाति अनुसार विरुवाको संख्या, उचाई र उमेर |
| क. |
| ख. |
| ग. |
| नर्सरी तथा विरुवा उत्पादनको अनुमान रु: |

**निजी नर्सरीबाट खरिद**

| |
|---|
| प्रजाति अनुसार विरुवाको संख्या, उचाई र उमेर |
| क. |
| ख. |
| ग. |
| विरुवा खरिदको अनुमान रु: |

**बृक्षरोपण**

| |
|---|
| रोपण गरिने क्षेत्रको विवरण |
| जिल्ला: |
| पालिका र बडा: |
| स्थान: |
| रोपण गरिने क्षेत्रको विवरण |
| कुल विरुवा संख्या र क्षेत्रफल |
| कुल वृक्षरोपणको लागत रु: |

| |
|---|
| विरुवा ढुवानीको अनुमान रु: |

नोट: लागत अनुमानको विस्तृत लगत अनुमान अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।